नेपाल सरकार
**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
नगरपालिका योजना तथा व्यवस्था शाखा क
सिंहदरवार, काठमाडौं ।

फोन नं. ०१-४२००२८३

प.सं. २०७३/०७४
च.न ५-१-३६.

मिति : २०७३/८/२७

**विषयः सामाजिक परिचालक (निर्वाचन शिक्षा कार्यकर्ता) हरुलाई स्थलगत सर्भेक्षण गर्न परिचालन गर्ने सम्वन्धमा ।**

श्री पोखरा उपमहानगरपालिका कार्यालय ।
श्री चापाकोट/वन्दिपुर/ईश्वरपुर/पाखीवास/खैरहनी/तिलोत्तमा/वीरेन्द्रनगर/चाँगुनारायण/कागेश्वरी मनहरा/बुढानिलकण्ठ/सैनामैना/चन्द्रगिरी/वेलौरी/महागढीमाई नगरपालिका कार्यालय ।

निर्वाचन आयोग, निर्वाचन व्यवस्थापन महाशाखाको च.नं. ६१ मिति २०७३/८/२३ को पत्रबाट हिमाली तथा दुर्गम २१ जिल्ला वाहेक ५४ जिल्लाहरुमा यही २०७३ पौष १ गतेबाट शुरु हुन गइरहेको मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम, २०७३, सुचारु रुपले सञ्चालन गर्न वि.सं. २०७१ सालमा गठन गरिएका नयाँ नगरपालिका सहित १९१ वटा नगरपालिकाका वडा वमोजिम मतदाता नामावली कायम गरिएकोमा पुनः २०७२ सालमा केही नगरपालिकाका वडा मिलान तथा क्षेत्र विस्तार गर्दा १७ नगरपालिकाका ५३ वडाहरुमा पुरानै गाविसका वडालाई आधार मानी थपघट गरी नयाँ वडा कायम गरिएकोले सम्वन्धित वडाका मतदाताहरुको पहिचान गर्न र पछिल्लो पटकको वडा बमोजिम मतदाता नामावली कायम गर्न समस्या भएकोले मतदाताहरुको सही वडा पहिचान गरी सो वमोजिम नामावली तयार गर्न स्थानीय निकायहरुमा कार्यरत सामाजिक परिचालक (निर्वाचन शिक्षा कार्यकर्ता) हरुलाई स्थलगत सर्वेक्षण गर्न परिचालन गरी निर्वाचन आयोगको काममा सहयोग पुऱ्याउन अनुरोध भई आएकोले उल्लेखित नगरपालिकामा कार्यरत सामाजिक परिचालकलाई उक्त कार्यमा खटाउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

२०७३/८/२४
... ... ... ...
(आनन्दराम विष्ट)
शाखा अधिकृत

**बोधार्थः**
१. श्री निर्वाचन आयोग,
   निर्वाचन व्यवस्थापन महाशाखा, काठमाडौं ।
२. श्री सूचना तथा विद्युतीय शासन शाखा,
   संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय : एक प्रति यस मन्त्रालयको वेभसाइटमा अपलोड गरिदिनु हुन अनुरोध छ ।